नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#१२१

४ कार्तिक २०७७

# दैनिक विपद् बुलेटिन

३ कार्तिक बिहान १०:०० बजेदेखि ४ कार्तिक बिहान १०:०० बजेसम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १० | २ | ० | २ | रु २१,२५,००० | ० | १ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरण | मृतक | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|
| आगलागी | कैलाली | थप अपडेट: मिति २०७७।०६।२८ गते धनगढी उ.म.न.पा.-८ धनगढी गाउँस्थित एक घरको भान्साबाट ग्यास लिक भई **आगलागी** हुँदा **सोही घरका ३ जना घाईते** भएको र उपचारको लागि यति एयरलायन्स द्वारा किर्तिपुर अस्पताल ल्याएकोमा उपचारको क्रममा **२ जनाको मृत्यु** । | २ | ० | १ जना घाईतेको किर्तिपुर अस्पतालमा उपचार भईरहेको । |
| | कैलाली | लम्कीचुहा न.पा.-१ तिल्केनिस्थित एक कच्ची गोठ नजिकै रहेको **परालको** थुप्रोमा अचानक **आगलागी** हुन जाँदा गोठ र परालको लुटो जलेको । | ० | ० | ई.प्र.का. लम्की कैलालीबाट प्र.नि.को कमाण्डमा १० जना प्रहरी टोली खटीई गई स्थानीय र दमकलको सहयोगले आगो नियन्त्रण गरेको । |
| | रुपन्देही | सिद्धार्थनगर न.पा.-८ स्थित **एभरेष्ट आयल सप्लायर्समा** तेल झार्दै गरेको **ट्याङ्करमा आगलागी** हुँदा ट्याङ्कर पूर्णरुपमा जली नष्ट भएको र पम्पमा काम गर्ने **२ जनालाई आगोले पोली सामान्य घाईते** । | ० | २ | जि.प्र.का.बाट प्र.उ.को कमाण्डमा ७५ जनाको टोली खटी गई दमकल तथा स्थानीयबासीको सहयोगमा आगो पूर्णरूपमा नियन्त्रण गरेको । घाईतेहरुको भिम अस्पताल भैरहवामा उपचार भइरहेको। |
| | पर्सा | जगरनाथपुर गा.पा.-२ दसौतामा अचानक बिधुत सर्ट भई **आगलागी** हुँदा १ वटा घर र २ वटा गोठ क्षति । अन्य बिवरण आउन बाँकी । | ० | ० | ई.प्र.का.जानकीटोलाबाट प्र.ना.नि.को. कमाण्डमा टोली खटिई गई स्थानीयबासी र दमकलको सहयोगमा आगो पुर्णरुपमा नियन्त्रण गरेको । |
| | पर्सा | जिराभवानी गा.पा.-१ गम्हरीया टोलस्थित एक गोठमा लामखुट्टे धपाउन बालेको आगोबाट **आगलागी** हुँदा गोठ पूर्णरूपमा जली **३ लाख रुपैंया** बराबरको क्षति साथै १ वटा पाडो जली मरेको । | ० | ० | प्र.चौ. महादेवपट्टीबाट प्रहरी टोली खटी गई स्थानीयबासीको सहयोगमा आगो पूर्णरूपमा नियन्त्रण गरेको । |
| | पाँचथर | फाल्गुनन्द गा.पा.-५ नागेम्बास्थित एक घरमा अचानक **आगलागी** हुँदा घर र घर भित्र रहेको काठपात, लत्ताकपडा, भाडावर्तन समेत जली **८ लाख ५ हजार** बराबरको क्षति । | ० | ० | प्र.चौ. फाक्तेपबाट प्र.स.नि.को कमाण्डमा टोली खटी गई स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण गरेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | मोरङ्ग | जहदा गा.पा.-३ राजवंशी चोक स्थित एक घरको भान्सामा अचानक **आगलागी** हुदाँ भाडावर्तन, भान्साघर गरी **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | व.प्र.का. हाटखोलाबाट टोली खटी गई स्थानीयबासीको सहयोगमा आगो पुर्णरुपमा नियन्त्रण गरेको । |
| | पाल्पा | रामपुर न.पा.-८ भालुटारस्थित एक होटेलमा चाउमिन पकाउने क्रममा ग्याँसकोरेगुलेटरबाट अचानक ग्याँस लिग भई **आगलागी** हुँदा होटेलमा रहेको फ्रीज, काठ टेबल, लगायत होटेलमा रहेको, सम्पुर्ण समान जली **७० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | स्थानीय र प्रहरीको सहयोगमा आगलागी नियन्त्रण गरेको । |
| | रुकुम पश्चिम | बांफिकोट गा.पा.-९ स्थित एक घरमा कोही नभएको अबस्थामा अचानक **आगलागी** । क्षतिको विवरण आउन बाँकि । | ० | ० | अस्थाई प्रहरी पोष्ट छिनखेतबाट प्र.स.निको कमाण्डमा ४ जनाको प्रहरी टोली खटीई गई स्थानीयको सहयोगमा आगो पुर्णरुपमा नियन्त्रण गरेको । |
| | कञ्चनपुर | बेलडाँडी गा.पा.-२ रौलेश्वरस्थित एक परालको कुनिउ नजिक बालबालिकाहरुले आगो चलाउने क्रममा कुनिउमा आगो सल्किन गई **आगलागी** हुँदा कुनिउ जलेको । | ० | ० | ई.प्र.का.रैकवारबाट प्र.नि.को कमान्डमा १० जनाको टोली खटिई गएको । |
| **अबिरल वर्षा** | धनकुटा | धनकुटा न.पा.-४ श्रमिक टोलमा केही दिनअघि परेको **अबिरल बर्षा**को कारण एक घरको गारो कमजोर भएकोमा लडि पुर्णरुपमा क्षति हुँदा **८ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | जिप्रका धनकुटा बाट प्रनानिको कमाण्डमा ९ जनाको टोली खटिई गएको । |
| **जम्मा संख्या** | १० | | २ | २ | |

**नेपालका विभिन्न जिल्लामा गरी आज आगलागीका ९ वटा घटना घटेका छन् । हाम्रो सानो असावधानीका कारण यी घटना भएका छन् । आगलागीका कारण र यसबाट बच्ने उपायबारेको भिडियोका लागि यहाँ जानुहोस्:**

**facebook.com/pg/NDRRMA/videos/ वा**
[https://www.facebook.com/watch/113096306993224/848133509009355/](https://www.facebook.com/watch/113096306993224/848133509009355/)




*रुपन्देही सिद्धार्थनगर नगरपालिका-८ स्थित एभरेष्ट आयल सप्लायर्समा हिजो साँझ तेल झार्ने क्रममा आगो लागेर जलेपछिको ट्याङ्कर। फोटोः जिप्रका रुपन्देही*

| २०७७ बैशाख १ देखि कार्तिक ४ गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| घटना | घटना संख्या | मृतक | वेपत्ता | घाईते | चौपाया | अनुमानित क्षति रु. |
| आगलागी | ६८९ | १२ | ० | १४६ | ३५० | ६११५८८९६० |
| चटयाङ्ग | २१६ | ६५ | ० | २१३ | ६९६ | ५९४२५०० |
| सर्पदंश | ५३ | २१ | ० | ३६ | ० | ० |
| जनावर आक्रमण | ११९ | ११ | ० | ११२ | ३ | ३३२१२५० |
| बाढी | ९७ | ४२ | ३७ | ११ | २७२ | ४८८११००० |
| पहिरो | ४८३ | २९५ | ६४ | २२३ | ४३५ | ५०९६४९०० |
| जम्मा | १६५७ | ४४६ | १०१ | ७४१ | १७५६ | ७२०६२८६१० |